# अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६ सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६ (यसपछि "विधेयक" भनिएको) को दफा १ को उपदफा (१) मा रहेका "२०७६" भन्ने अङ्कहरुको सट्टा "२०७७" भन्ने अङ्कहरु राख्ने ।

२. विधेयकको दफा २ को उपदफा (3) को सट्टा देहायको उपदफा (3) राख्नेः–

"(3) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः–

"(ङ) "सार्वजनिक संस्था" भन्नाले देहायको संस्था वा निकाय सम्झनु पर्छ:–

(१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका सरकारी निकाय,

(२) प्रचलित कानून बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहद्वारा स्थापित आयोग, समिति, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था,

(३) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक

स्वामित्व वा नियन्त्रणमा रहेको संस्था, कम्पनी वा समिति,

(४) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहद्वारा सञ्चालित वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक अनुदानप्राप्त विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था,

(५) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको ऋण वा अनुदानबाट सञ्चालित वा जमानतप्राप्त संस्था,

(६) उपखण्ड (२), (३), (4) वा (५) मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको संस्था,

(७) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको अनुमतिले वा सम्झौता अनुसार प्राकृतिक स्रोत साधनको संरक्षण, सम्बर्द्धन, उपयोग वा उपभोग गर्न वा विकास निर्माण सम्बन्धी काम गर्न गठित उपभोक्ता समिति वा यस्तै प्रकारका अन्य संस्था,

(८) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको स्तर वा प्रकारका बैङ्क, वित्तीय संस्था, बीमा व्यवसाय गर्ने संस्था, मेडिकल कलेज

र सोसँग सम्बद्ध अस्पताल, अन्य महाविद्यालय वा कलेज, सार्वजनिक सेवा प्रवाह गर्ने पब्लिक लिमिटेड कम्पनी वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको अनुदान प्राप्त गरी राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाबाट सञ्चालित परियोजनाको हकमा त्यस्तो सूचनामा तोकिएको काम कारबाहीको हदसम्म त्यस्तो संस्था, निकाय वा परियोजना,

(९) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक संस्था भनी तोकेको अन्य कुनै संस्था ।"

३. विधेयकको दफा ३ अन्तर्गत अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ (यसपछि "मूल ऐन" भनिएको) को दफा ४ को सट्टा प्रस्तावित दफा ४ को,-

(१) उपदफा (१) मा रहेको "व्यक्तिले" भन्ने शब्दपछि "भ्रष्टाचार गरी" भन्ने शब्दहरु थपी सोही उपदफाको प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नेः-

"(ख) देहायको विषयमा आयोगबाट यस ऐन अन्तर्गत अनुसन्धान, तहकिकात वा अन्य कुनै कारबाही हुने छैनः-

(१) सङ्घीय संसद वा सो अन्तर्गतका समिति वा प्रदेश सभा वा सो अन्तर्गतका समितिको बैठकबाट भएको काम कारबाही वा निर्णय,

(२) अदालतको न्यायिक काम कारबाही,

(३) नेपाल सरकार, मन्त्रिपरिषद् वा सोको कुनै समिति वा प्रदेश सरकार, मन्त्रिपरिषद् वा सोको कुनै समितिले सार्वजनिक रुपमा लागू हुने गरी गरेको कुनै नीतिगत निर्णय ।"

(२) उपदफा (१) पछि देहायका उपदफा (२) थपिएको छः–

"(२) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) को उपखण्ड (३) को प्रयोजनको लागि देहायको विषयमा भएका निर्णयलाई नीतिगत निर्णय मानिने छैनः–

(क) प्रचलित कानून बमोजिम हुनेमा बाहेक सर्वसाधारणलाई समान रुपमा लागू नहुने र सार्वजनिक रुपमा घोषणा भएको नीतिको प्रतिकूल हुने गरी कुनै खास व्यक्ति वा निजी संस्थालाई मात्र लाभ हुने गरी गरिएको निर्णय,

(ख) सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम हुनेमा बाहेक सार्वजनिक खरिद सम्बन्धमा गरिएको निर्णय,

(ग) प्रचलित कानून बमोजिम अन्य निकाय वा अधिकारीले निर्णय गर्नु पर्ने विषयमा अधिकारक्षेत्र नाघी गरिएको निर्णय ।"

४. विधेयकको दफा 4 अन्तर्गत मूल ऐनको दफा 13 को सट्टा प्रस्तावित दफा १३ मा रहेका "वा अन्य कारबाही चलाउन" भन्ने शब्दहरु झिक्ने ।

५. विधेयकको दफा ५ को सट्टा देहायको दफा ५ राख्नेः–

"५. **<u>मूल ऐनमा दफा १४क. थप</u>**: मूल ऐनको दफा १४ पछि देहायको दफा १४क. थपिएको छ:–

"१४क. **<u>सम्बन्धित मिसिल र प्रमाणका लिखत झिकाउने</u>**: (१) यस ऐन बमोजिम आयोगमा परेको उजुरी, त्यस्तो उजुरी साथ कुनै प्रमाण पेश भएको भए त्यस्तो प्रमाण वा आयोगलाई प्राप्त भएको जानकारीबाट सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरेको भन्ने विश्वास गर्नु पर्ने मनासिब आधार वा कारण देखिएमा आयोगले अवधि तोकी तत्सम्बन्धी मिसिल वा प्रमाणका लिखत सम्बन्धित कार्यालय, पदाधिकारी वा व्यक्तिबाट माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगले माग गरेको मिसिल वा प्रमाणका लिखत सम्बन्धित कार्यालय, पदाधिकारी वा व्यक्तिले आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) यस दफा बमोजिम मिसिल वा प्रमाण झिकाउँदा सार्वजनिक संस्थाबाट प्रचलित कानून बमोजिम सम्पादन भइरहेको वा हुन लागेको विकास निर्माण सम्बन्धी कार्य नरोकिने गरी झिकाउनु पर्नेछ ।

(४) यस दफा बमोजिम सम्बन्धित मिसिल वा प्रमाण प्राप्त भएपछि आयोगले यथाशीघ्र अनुसन्धान सम्बन्धी कार्य सम्पन्न गर्नु पर्नेछ ।

(५) यस ऐन बमोजिम अनुसन्धान गर्दा उपदफा (१) बमोजिम भइरहेको वा हुन लागेको कार्यलाई तत्काल रोक्नु पर्ने मनासिब आधार वा कारण भएमा आयोगले त्यस्तो कार्यलाई रोक लगाउने गरी सम्बन्धित निकाय वा अधिकारीलाई आदेश दिन सक्नेछ ।”

६. विधेयकको दफा ६ अन्तर्गत मूल ऐनको दफा १५ को सट्टा प्रस्तावित दफा १५ मा रहेका "कसूर गर्ने व्यक्ति र कसूरमा" भन्ने शब्दहरुको सट्टा "कसुरको अभियोग लागेको व्यक्ति वा त्यस्तो कार्यमा" भन्ने शब्दहरु राख्ने ।

७. विधेयकको दफा ७ को,-

(१) उपदफा (2) अन्तर्गत मूल ऐनको दफा १९ को उपदफा (5) को सट्टा प्रस्तावित उपदफा (५) मा रहेका "पूर्व आदेश बमोजिम गर्न" भन्ने शब्दहरुको सट्टा "त्यस्तो आदेश बमोजिम गर्न पुनः" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (४) पछि देहायको उपदफा (५) थपी उपदफाक्रम मिलाउनेः-

"(५) उपदफा (११) को ठाउँ-ठाउँमा रहेका "संसदको सदस्य" भन्ने शब्दहरुको सट्टा "सङ्घीय संसद वा प्रदेश सभाको सदस्य" भन्ने शब्दहरु राखिएका छन् ।"

(३) साविक उपदफा (५) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (६) अन्तर्गत मूल ऐनको दफा १९ को उपदफा (१४) को सट्टा प्रस्तावित उपदफा (१४) मा रहेका "त्यस्तो कर्तब्य पालना नगर्नेसम्बन्धित पदाधिकारीलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।" भन्ने वाक्य झिक्ने ।

८. विधेयकको दफा ९ अन्तर्गत मूल ऐनमा थप्न प्रस्तावित दफाहरुमध्ये दफा २०ख. को,–

(१) उपदफा (१) मा रहेको "तथा" भन्ने शब्दको सट्टा "वा" भन्ने शब्द राख्ने ।

(२) उपदफा (२) मा रहेको "हुनेछ" भन्ने शब्दको सट्टा "हुन सक्नेछ" भन्ने शब्दहरु राख्ने ।

९. विधेयकको दफा १2 अन्तर्गत मूल ऐनको दफा 29 को सट्टा प्रस्तावित दफा २९ को,-

(१) उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राख्नेः–

"(१) भ्रष्टाचारजन्य कसुरमा मुद्दा चलाउने हदम्याद थाहा पाएको मितिले पाँच वर्ष हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले निज त्यस्तो पदमा बहाल रहँदाका बखत भ्रष्टाचार गरेको र तत्काल निज उपर मुद्दा चल्न सक्ने रहेनछ भने निज जुनसुकै व्यहोराबाट अवकाश प्राप्त गरेको भए पनि अवकाश भएको मितिले र निजले भ्रष्टाचार गरेको कुरा निज अवकाश भइसकेपछि थाहा भएकोमा थाहा भएको मितिले पाँच वर्षभित्र मुद्दा चलाउन सकिनेछ ।"

(२) उपदफा (३) मा रहेका "त्यस्तो हदम्याद कायम रहने छैन" भन्ने शब्दहरुको सट्टा "कुनै हदम्याद लाग्ने छैन" भन्ने शब्दहरु राख्ने ।

१०. विधेयकको दफा १३ अन्तर्गत मूल ऐनमा थप्न प्रस्तावित दफा ३१ग. को सट्टा देहायको दफा ३१ग. राख्नेः–

"३१ग. **<u>आयोगले कारबाही गर्ने</u>**: (१) भ्रष्टाचार सम्बन्धी कसुरमा अनुसन्धान गर्दा प्रचलित कानून बमोजिम

राष्ट्रसेवक मानिने कुनै व्यक्तिले अख्तियारको दुरुपयोग हुने देहायको कुनै कार्य गरेको देखिएमा आयोगले पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछः–

(क) आफ्नो अधिकार क्षेत्रभित्र पर्ने कुनै काम नगरेमा, आफूले गर्नु पर्ने कामको उत्तरदायित्व अन्य कार्यालय वा अधिकारी समक्ष पठाई पन्छाएमा, अर्काको अधिकारक्षेत्रभित्रको काम गरेमा वा आफूलाई प्राप्त तजबिजी अधिकारको स्वेच्छाचारी प्रयोग गरेमा,

(ख) आफ्नो मातहतमा रहेको कर्मचारी वा आफ्नो प्रभावमा रहेको व्यक्तिलाई कुनै काम गर्न वा नगर्न अनुचित दबाब दिएमा,

(ग) कानून बमोजिम बाध्यात्मक रुपमा अपनाउनु पर्ने कार्यविधि अवलम्बन नगरी कुनै निर्णय वा आदेश गरेमा,

(घ) सार्वजनिक खरिद कार्य प्रारम्भ गर्नु अघि प्रचलित कानून बमोजिम सम्बन्धित निकायको अनुमति लिने, जग्गा प्राप्त गर्ने, पूर्वतयारीका प्राविधिक परीक्षण गर्ने, वातावरणीय अध्ययन गर्ने, पूर्वाधार स्थानान्तरण गर्ने जस्ता आधारभूत कार्य पुरा नगरी तथा बजेट सुनिश्चितता नभई सार्वजनिक खरिद कार्य सम्बन्धी

ठेक्का सम्झौता गरेमा वा गर्न लगाएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो कार्य गर्ने राष्ट्रसेवकलाई विभागीय कारबाही हुने रहेछ भने आयोगले विभागीय कारबाही गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम विभागीय कारबाहीको लागि लेखी आएमा सम्बन्धित निकायले त्यस्तो राष्ट्रसेवकलाई कार्यक्षमताको अभाव रहेको मानी निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम तीन महिनाभित्र विभागीय कारबाही सम्पन्न गरी सोको जानकारी आयोगलाई गराउनु पर्नेछ ।

(4) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम भ्रष्टाचारजन्य कसुर गरेको सम्बन्धमा सोही बमोजिम कारबाही गर्नु पर्नेछ ।"

११. विधेयकको दफा १५ अन्तर्गत मूल ऐनको दफा ३५ख. को सट्टा प्रस्तावित दफा ३५ख. को,–

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः–

"(१) आयोगले भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापना भएका राष्ट्रिय, अन्तर्राष्ट्रिय वा विदेशी संघ संस्थासँग आपसी समन्वय, सम्बन्ध, सहयोग अभिवृद्धि तथा सूचना आदान प्रदान गर्न सक्नेछ ।"

(२) उपदफा (२) झिकी उपदफाक्रम मिलाउने ।

१२. विधेयकको दफा १६ अन्तर्गत मूल ऐनमा थप्न प्रस्तावित दफा ३७क. को सट्टा देहायको दफा ३७क. राख्नेः–

"३७क. **<u>कार्यविधि बनाउन सक्ने</u>**: यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही आयोगले आफ्नो आन्तरिक काम कारबाहीलाई व्यवस्थित गर्न आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।"